१) नोबल कोरोना भाईरस (कोभिड १९) को संक्रमण रोकथामको लागि हालसम्म गरेको कार्यहरुको विवरण प्रस्तुती र जानकारी गराइएको ।

विश्वमा फैलिरहेको नोबेल कोरोना भाइरस (कोबिड १९) को संक्रमण फैलिन नदिन हालसम्म यस भद्रपुर नगरपालिकाद्वारा गरिएका कामहरु

- मिति २०७६ साल फाल्गुण २२ गतेका दिन भद्रपुर नगरपालिका वडा नं.८ स्थित चन्द्रगढी विमानस्थलमा हेल्थ डेस्कको स्थापना गरी हवाई मार्गबाट आउने यात्रुहरुको शरीरको तापक्रम थर्मोगन मार्फत जाँच गर्न सुरु गरिएको र सोको अभिलेख राखी जिल्ला प्रशासन, सामाजिक विकास मन्त्रालयमा समेत दैनिक सूचना सम्प्रेषण गरिएको,
- नोबेल कोरोना भाइरस विरुद्ध सचेतनामुलक पर्चा बनाइ सम्पूर्ण नगर भरि विभिन्न माध्यम द्वारा बाँडिएको,
- मिति २०७६ साल फाल्गुन २६ गते भद्रपुर नगरपालिका वडा नं. ५ स्थित मेची भन्सार छेउ वडा प्रहरी कार्यालयको सहयोगमा हेल्थ डेस्कको स्थापना गरी दैनिक भारत तर्फबाट आउनु हुने मानिसहरुको स्वास्थ्य जाच गरी अभिलेख गरिएको र सोको सुचना माथिल्लो निकायमा दैनिक सम्प्रेषण गरिरहेको,
- नगर भरिका स्वास्थ्य संस्था तथा सार्वजनिक स्थलमा नोबेल कोरोना भाइरस सम्बन्धी जनचेतना मुलक ब्यानर बनाई टाँस गर्न गराउन आवश्यक सहयोग गरिएको,
- नगर भरिका सम्पूर्ण स्वास्थ्यका कर्मचारीहरुलाई आव्श्यक सामग्रीहरु मास्क, ग्लोव्स, HAND SANITIZER , HAND WASH, HARPIC, PHENOL प्रदान गरिएको,
- नगर भित्रका हरेक बिसयगत साखाहरुलाइ समेत HAND SANITISER वितरण गरेको
- जम्मा ९० थान,४० थान प्लास्टिक र ४० थान MEDICAL PPE खरीद गरी नगर भरिका सम्पूर्ण स्वास्थ्य कर्मचारी हरुलाई वितरण गरिएको,
- अन्य थप आवश्यक सामग्री परिपूर्तिका लागि माथिल्लो निकाय संग अनुरोध गरिएको,
- होम क्वारेन्टाईन साथै सामुदायिक क्वारेन्टाईनमा कस्ता व्यक्ति राख्ने, बस्दा अपनाउनु पर्ने नियमहरु समेत बनाई कार्यान्वयन गरिएको,
- भद्रपुर नगरपालिका वडा नं. १० मा रहेको ग्रामिण विकास प्रशिक्षण केन्द्रमा सामुदायिक कवारेन्टाईन ३२ बेडको स्थापना गरिएको र सो स्थानका लागि आवश्यक सम्पूर्ण सामग्रीको नेपाल रेडक्रस सोसाइटी झापा शाखा, नेपाली सेना, चन्द्रगढी खानेपानी उपभोक्ता समितिसंग समन्वय गरी व्यवस्थापन गरिएको,
- मिति २०७६ साल चैत्र १२ गते देखि सामुदायिक कवारेन्टाईन संचालन गरिएको र २ जना भारतबाट नेपाल प्रवेश गर्ने नेपालीलाई राखिएको, हरेक दिन उहाँहरुको स्वास्थ्य सम्बन्धी जानकारी राखिरहेको,

- हालसम्म नगर भरि अन्यत्र देशबाट प्रवेश गर्नु हुने ४५ जनालाई होम कवारेन्टाईनमा राखिएको र हरेक दिन नगर प्रमुख, स्वास्थ्य साखाका कर्मचारी साथै नगर प्रहरी द्वारा घर घरमा गई, फोन मार्फत बुझ्ने काम गरिरहेको,
- 4% Sodium hypochloride 50 लि. खरिद गरी सामुदायिक कवारेन्टाईन मेची अन्चल अस्पताल र नगर भित्रका व्यापारिक केहि स्थलमा छर्कने काम गरिएको,
- मिति २०७६ साल चैत्र १८ गते भक्तपुर इँटा तथा टायल उद्योग बाट यस नगर भित्र फिर्ता आउनु भएका ६१ जना मजदुरहरुलाई थर्मोगन मार्फत जाच गरी होम कवारेन्टाईनमा राखियो,
- सेल्फ तथा सामुदायिक कवारेन्टाईन को अनुगमन गर्ने काम भइरहेको छ,

२) नगरका सबै वडाहरुबाट विपन्न नागरिकको विवरण संकलन गरी तपसिल अनुसार बुझाएकोले सो विवरण जानकारी गराइयो ।

वडागत विवरण

| वडा नं. | प्राप्त विपन्न घरधुरी विवरण | घरधुरी | कैफियत |
|---|---|---|---|
| १ | २०० | १३३० | |
| २ | २०० | १८६८ | |
| ३ | १७८ | १४४२ | |
| ४ | ६८४ | १४९२ | |
| ५ | ११२० | १२६१ | |
| ६ | ४६२ | १११६ | |
| ७ | ४०१ | १७९२ | |
| ८ | २१८ | १०५२ | |
| ९ | ४०६ | १५९७ | |
| १० | ४०० | १४१५ | |
| जम्मा | ४२३९ | १४३६५ | |

३) राहत वितरणका लागि लाग्न सक्ने खर्च अनुमान रु.४० लाख ४८ हजार

४) नगरपालिकाबाट प्रस्तावित बजेट रु १५ लाख

५) वडागत हिसाबमा वितरण गर्न सक्ने कुल लक्षित घरपरिवार संख्या निर्धारण गर्ने

## राहत सामग्री वितरणको लागि प्रस्तावित विवरण

| वडा नं. | फुस वा खरको छाना भएको घर धुरी | सुकुम्वासी घर धुरी | जम्मा (२ र ३ को) | थप घरधुरी | ४ र ६ को जम्मा | वितरण गर्ने घरधुरी (१००-१५०) | जनसंख्या | प्रति वडा बजेट ( औसतमा प्रति परिवार रु. ९५५ का दरले) | रु.५० हजार थप गर्दा | वितरण हुने घरधुरी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **९** | **१०** | **११** | **१२** |
| १ | ३५ | २१ | ५६ | ५० | १०६ | ११० | ६३०० | १०५,०५०।०० | १५५,०५०।०० | १६२ |
| २ | २८ | १३ | ४१ | ५० | ९१ | ११० | ८२२० | १०५,०५०।०० | १५५,०५०।०० | १६२ |
| ३ | २४ | १९ | ४३ | ५० | ९३ | ११० | ६७४३ | १०५,०५०।०० | १५५,०५०।०० | १६२ |
| ४ | ७३ | ११ | ८४ | ५० | १३४ | १३४ | ६९७८ | १२७,९७०।०० | १७७,९७०।०० | १८६ |
| ५ | १५ | ९० | १०५ | ५० | १५५ | १५० | ५९५२ | १४३,२५०।०० | १९३,२५०।०० | २०२ |
| ६ | ६ | ९ | १५ | ५० | ६५ | १०३ | ५६३५ | ९८,३६५।०० | १४८,३६५।०० | १५५ |
| ७ | १७ | १२ | २९ | ५० | ७९ | १०८ | ७६९३ | १०३,१४०।०० | १५३,१४०।०० | १६० |
| ८ | १० | २० | ३० | ५० | ८० | १०० | ५००६ | ९५,५००।०० | १४५,५००।०० | १५२ |
| ९ | ४५ | ८७ | १३२ | ५० | १८२ | १५० | ७७८४ | १४३,२५०।०० | १९३,२५०।०० | २०२ |
| १० | ४० | ४३ | ८३ | ५० | १३३ | १२५ | ६८१४ | ११९,३७५।०० | १६९,३७५।०० | १७७ |
| **जम्मा** | **२९३** | **३२५** | **६१८** | **५००** | **१११८** | **१२००** | **६७१२५** | **१,१४६,०००।००** | **१,६४६,०००।००** | **१७२४** |

६) खाद्यान्न वितरण गर्ने विधि

(क) प्रति वडा खाद्यान्न वितरण गर्ने घर परिवार संख्या निर्धारण गर्ने

(ख) ४ परिवार सदस्य एक घर धुरी र ४ परिवार सदस्य भन्दा बढी एक परिवार सदस्य मानी राहत सामग्री निर्धारण गर्ने

| क्र.स. | विवरण | ४ सदस्यीय परिवार | ४ सदस्य भन्दा माथि | कैफियत |
|---|---|---|---|---|
| १ | चामल | १० के जी | १५ केजी | |
| २ | दाल | १ के जी | १ के जी | |
| ३ | तेल | १ लीटर | १ लीटर | |
| ४ | नुन आयो | १ केजीको प्याकेट | १ केजीको प्याकेट | |
| ५ | साबुन | १ गोटा | १ गोटा | |

(ग) लक्षित घर परिवार संख्या निर्धारण गरे पश्चात प्रति वडा बजेट निर्धारण गर्ने

(घ) प्रति वडा बजेट उपलब्ध गराउने

(ङ) नगरपालिकाले निर्धारण गरेको दररेट भन्दा बढी नहुने गरी खाद्यान्न सामग्रीहरु सम्बन्धित वडाहरुबाट खरिद गरी वितरणको व्यवस्था वडा कार्यालयबाट मिलाउने

(च) खाद्यान्न वितरण गर्दा निम्न बमोजिमको कागज पत्र तथा विवरण सम्बन्धित व्यक्तिबाट माँग गर्ने

राहत लिने व्यक्तिले नगरपालिकाले निर्धारण गरेको फाराम भरी पेश गर्नु पर्ने ।
नेपाली नागरिकताको प्रमाण पत्र वा परिचय खुल्ने अन्य कागजात पेश गर्नु पर्ने ।
सामान बुझेको भरपाई गर्नु पर्ने ।
वडा समितिको निर्णय तथा सामान खरिद गरेको विल भर्पाई संलग्न गरी पेश्की फरफारक गर्ने ।
जनप्रतिधिको रोहवरमा राहत बाड्ने ।
नगरपालिकाको साधन प्रयोग गरी घर मै उपलब्ध गराउने व्यवस्था मिलाउने ।
वातावरण मैत्री झोला प्रयोग गर्ने ।
मास्क पनि संगै उपलब्ध गराउने ।

७) विपदको समयमा नगद सहयोग उपलव्ध गराउन चाहने व्यक्ति वा संघ संस्थावाट नगरपालिकाको विपद व्यवस्थापन कोषमा जम्मा गर्न अनुरोध गर्ने

८) खाद्यान्न सामग्री उपलब्ध गराउने दाताहरुवाट खाद्यान्न उपलब्ध गराउने परिमाण सहित नगरपालिकामा सम्पर्क राख्ने यसको लागि औपचारिक सुचना जारी गर्ने र नगरपालिकाले तोकेको स्थानमा वितरणको व्यवस्था मिलाउने

९) चिया फ्क्याट्री तथा कल कारखानामा काम गर्ने मजदुर लाई सम्बन्धित फर्म कम्पनीवाट उपलब्ध गराउने

१०) अन्यत्रवाट सेवा सुविधा प्राप्त गरेका भए हटाउने

११) सहयोगी हातहरु बाढाउने

१२) वारुणयन्त्र संचालन सम्बन्धमा

निर्णयहरु

विश्वव्यापी रुपमा फैलिरहेको नोबल कोरोना भाइरस (कोभिड १९) संक्रमणको जोखिम न्यूनीकरण गर्न गराउन अति आवश्यक देखिएकोले देहाय बमोजिमको व्यवस्था मिलाउन नगरपालिकामा अनुरोध गर्ने निर्णय गरियो ।

१) होम क्वारेन्टाईनमा रहेका व्यक्तिहरुले क्वारेन्टाईनमा वस्ने शर्तहरु पालना गरे नगरेको तथा निजको स्वास्थ्य अवस्था बारे सम्बन्धित क्षेत्रका स्वास्थ्यकर्मीहरुले निरन्तर निगरानीमा राख्ने र विदेश तथा स्वदेशका अन्यत्र स्थानबाट आएका व्यक्तिहरुको बारेमा स्थानीयवासीहरुबाट जनप्रतिनिधी तथा स्थानीय प्रहरीलाई तुरुन्त जानकारी गराउने र निजहरुको विवरण स्वास्थ्य शाखाबाट अध्यावधिक गरी राख्ने ।

२) नगरपालिकाका सबै वडाबाट प्राप्त विपन्न नागरिकहरुको विवरणहरुलाई असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराइने राहत सम्बन्धि मापदण्ड २०७६ बमोजिम प्राथमिकिकरण गरी तत्काल राहत उपलब्ध गराउने ।

३) राहत सामग्री उपलब्ध गराउन प्रचलित बजार मूल्यलाई आधार मानी दररेट निर्धारण गर्ने र उक्त दररेटको आधारमा सम्बन्धित वडा कार्यालयबाट राहत सामग्री घर दैलोमा पुर्‍याउने वा उपयुक्त स्थानबाट वितरण गर्ने ।

४) राहत प्याकेज उपलब्ध गराउँने सामग्रीहरु खरिद गर्ने कार्यको लागि निम्न दररेट तथा परिमाण कायम गर्न नगरपालिका समक्ष सिफारिश गर्ने ।

## (क) राहत सामग्री वितरण सम्बन्धी विवरण

| वडा नं. | फुस वा खरको छाना भएको घर धुरी | सुकुम्वासी घर धुरी | जम्मा (२ र ३ को) | थप घरधुरी | ४ र ६ को जम्मा | वितरण गर्ने घरधुरी (१००-२००) | प्रति वडा बजेट ( औसतमा प्रति परिवार रु. ९५५ का दरले) | प्रतिव वडा विनियोजित बजेट प्याकेजिंग खर्च सहित | जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **८** | **९** | **१०** |
| १ | ३५ | २१ | ५६ | ५० | १०६ | १६० | १५२,८००\|०० | १५८००० | ६३०० |
| २ | २८ | १३ | ४१ | ५० | ९१ | १६० | १५२,८००\|०० | १५८००० | ८२२० |
| ३ | २४ | १९ | ४३ | ५० | ९३ | १६० | १५२,८००\|०० | १५८००० | ६७४३ |
| ४ | ७३ | ११ | ८४ | ५० | १३४ | १८० | १७१,९००\|०० | १७७००० | ६९७८ |
| ५ | १५ | ९० | १०५ | ५० | १५५ | २०० | १९१,०००\|०० | १९६००० | ५९५२ |
| ६ | ६ | ९ | १५ | ५० | ६५ | १५५ | १४८,०२५\|०० | १५३००० | ५६३५ |
| ७ | १७ | १२ | २९ | ५० | ७९ | १७५ | १६७,१२५\|०० | १७२००० | ७६९३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | १० | २० | ३० | ५० | ८० | ११० | १०५,०५०।०० | ११०००० | ५००६ |
| ९ | ४५ | ८७ | १३२ | ५० | १८२ | १७० | १६२,३५०।०० | १६७००० | ७७८४ |
| १० | ४० | ४३ | ८३ | ५० | १३३ | १५० | १४३,२५०।०० | १४८००० | ६८१४ |
| **जम्मा** | **२९३** | **३२५** | **६१८** | **५००** | **१११८** | **१६२७** | **१,५४७,१००।००** | **१,५९७,०००।००** | **६७१२५** |

**ख) राहत सामग्रीको परिमाण**

| क्र.स. | विवरण | ४ सदस्यीय परिवार | ४ सदस्य भन्दा माथि | कैफियत |
|---|---|---|---|---|
| १ | चामल | १० के जी | १५ केजी | |
| २ | दाल | १ के जी | १ के जी | |
| ३ | तेल | १ लीटर | १ लीटर | |
| ४ | नुन आयो | १ केजीको प्याकेट | १ केजीको प्याकेट | |
| ५ | साबुन | १ गोटा | १ गोटा | |

**ग) राहत सामग्रीको दररेट विवरण**

| क्र.सं | विवरण | स्पेशीफिकेशन | इकाई | दररेट | प्रति घर (४ सदस्य) | | प्रति घर (४ सदस्य भन्दा माथि) | |
|---|---|---|---|---|---|---|---|---|
| १ | चामल | मन्सुली | केजी | ५०।०० | १० | ५००।०० | १५ | ७५०।०० |
| २ | तेल | सनफ्लवार | लिटर | १६५।०० | १ | १६५।०० | १ | १६५।०० |
| ३ | नुन | आयो | प्याकेट | २०।०० | १ | २०।०० | १ | २०।०० |
| ४ | दाल | मुसुरो | केजी | ११५।०० | १ | ११५।०० | १ | ११५।०० |
| ५ | साबुन | हातधुने | वटा | ३०।०० | १ | ३०।०० | १ | ३०।०० |
| | | | प्रति घर जम्मा लागत | | | ८३०।०० | | १,०८०।०० |

नोट : १) दररेटमा ढुवानी भाडा समावेश गरिएको
२) दर रेटमा प्याकेजिंग खर्च समावेश गरिएको छैन ।
३) प्रति घर धुरी औषत लागत रू. ९५५।००

५) नगरपालिकाले निर्धारण गरेको दररेट भन्दा बढी नहुने गरी खाद्यान्न सामग्रीहरु सम्बन्धित वडा कार्यालयहरुबाट खरिद गरी वितरणको व्यवस्था वडा कार्यालयबाट मिलाउने ।

६) लक्षित समुह पहिचान तथा प्राथमिकिकरण गरी राहत वितरणमा सहयोग एवं समन्वयको लागि वडा अध्यक्षको संयोजकत्वमा स्थानीय प्रहरी तथा राजनैतिक दल समेतको संलग्नतामा समन्वय समिति गठन गर्न सक्ने ।

७) विपदको समयमा नगद सहयोग उपलब्ध गराउन चाहने व्यक्ति वा संघ संस्थाबाट नगरपालिकाको विपद व्यवस्थापन कोषको निम्न खाता नम्बरमा जम्मा गर्ने व्यवस्था मिलाउन नगरपालिका अनुरोध गर्ने ।

खाताको नाम : भद्रपुर नगरपालिका विपद व्यवस्थापन कोष, राष्ट्रिय वाणिज्य बैंक, भद्रपुर
खाता नं. : २२१०३०५०४९४०३

८) खाद्यान्न लगायत अन्य सामग्रीहरु उपलब्ध गराउन इच्छुक व्यक्ति वा संघ संस्थाहरुबाट सहयोगको लागि सुचना आह्वान गर्ने र प्राप्त सहयोगलाई नगरपालिकाले तोकेको स्थानमा वितरणको व्यवस्था मिलाउने र सो अनुसार नगरिएमा वा नभएमा कानून बमोजिम कार्वाही गरिने

९) चिया फ्क्याट्री तथा कल कारखानामा काम गर्ने मजदुरहरुलाई सम्बन्धित फर्म वा कम्पनीले राहत सामग्री उपलब्ध गराउन अनुरोध गर्ने ।

१०) राहत सामग्री वितरण गर्दा नगरपालिकाको विपद व्यवस्थापन कोषबाट मात्र गर्ने र वडा कार्यालयमा विनियोजित बजेट तथा कुनै संघ संस्थाबाट सोझै राहत सामग्री वितरण गर्ने परिपाटी लाई नियन्त्रण गर्न नगरपालिकामा सिफारिश गर्ने ।

११) नगरपालिकाको विपद व्यवस्थापन कोषमा झापा, बेल्जियम सम्पर्क मन्चबाट प्राप्त भएको रकम रु.१,५०,०००।०० जम्मा गर्ने र उक्त संस्थालाई धन्यवाद दिने ।

१२) नोबल कोरोना भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रण गर्न हालसम्म भएका प्रयासमा सहयोगी सबैलाई धन्यवाद दिने ।

१३) हालको अवस्थामा विभिन्न स्थानहरुमा सुपथ मूल्यका पसलहरु सञ्चालन गर्न झापा उद्योग वाणिज्य संघलाई अनुरोध गर्ने र सो कार्यमा आवश्यक सहयोग एवम् सुरक्षा प्रदान गर्नका लागि वडा प्रहरी कार्यालयलाई अनुरोध गर्ने ।

१४) नगर क्षेत्रमा आधारभूत स्वास्थ्य सुविधा निरन्तर रुपमा सुचारु राख्ने, आपूर्ति व्यवस्थापनको कार्यलाई निरन्तर अनुगमन गर्ने र कृत्रिम अभाव श्रृजना गर्ने वा कालाबजारी गर्ने व्यवसायीलाई कार्वाही गरिने ।

१५) विपद व्यवस्थापनको कार्यमा वडामा गठित टास्क फोर्सलाई परिचालन गर्ने ।

१६) विदेशबाट आएका व्यक्तिहरुको विवरण वडामा अद्यावधिक गरी राख्ने र नगरपालिकाको सूचना प्रविधि अधिकृतलाई उपलब्ध गराउने ।

१७) हालको सम्बेदनशील अवस्थालाई मध्येनजर गरी खाद्यान्न उत्पादन गर्ने मिल तथा उद्योगहरु बन्द नगर्न अनुरोध गर्ने ।

१८) नेपाल सरकारसँग समन्वय गरेर नगर क्षेत्रका चिया बगानमा चिया पत्ती टिप्ने वातावरण मिलाउने ।

१९) कलबलगुडीमा स्थापना भएको क्वारेन्टाइन सञ्चालनमा उचित व्यवस्थापन गर्ने ।